# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७७।१२।३० गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला गोरखा, नौलीखोला तेश्रो लघु जलविद्युत् आयोजना मर्मत तथा पुनः निर्माण कार्यमा वास्तविक कार्यभन्दा बढी भुक्तानी गरी अनियमितता गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा सरकारी रकम हिनामिना भएको देखिएकोले देहाय वमोजिमका व्यक्तिहरुलाई देहाय वमोजिमको कसुरमा देहाय वमोजिमको सजायको मागदाबी लिई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८ र ३५ को उपदफा (१) बमोजिम आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**(क) धार्चे गाउँपालिका, गाउँ कार्यपालिका गोरखाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत बाबुराम पाण्डे, तत्कालीन समयमा कार्यरत ईन्जिनियर प्रविन वस्ती र सव-ईन्जिनियर राम नारायण चौधरीले** नौलीखोला तेस्रो जलविद्युत् आयोजनाको भुक्तानी दिने चरणमा उक्त योजनाको अनुगमन/निरीक्षण पश्चात काम भए नभएको यथार्थ विवरण एकिन नगरी वास्तविक भएको कामभन्दा बढी मूल्याङ्कन गरी पेश हुन आएको झुट्ठा बिल भरपाई, स्थलगत रुपमा गई नापजाँच नगरी गलत नापी किताव प्रतिवेदन तयार, कार्य सम्पन्न प्रतिवेदन लगायतका कागजातहरु सदर गरी बढी रकम रु.१०,६३,०५७।६६ भुक्तानी दिई सरकारी रकम हिनामिना गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) तथा ऐ. दफा १९ को उपदफा (२) बमोजिमको कसुर अपराध गरेको देखिन आएकोले निजहरुलाई बिगो रु.१०,६३,०५७।६६ (दश लाख त्रिसठ्ठी हजार सन्ताउन्न रुपैया छैसठ्ठी पैसा मात्र) कायम गरी ऐ.ऐ. ऐनको दफा ८ उपदफा (१) तथा दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन र हानिनोक्सानी भएको बिगोसमेत ऐ.ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम निजहरुबाट असुलउपर गरी पाउन मागदाबी लिइएको छ ।

**(ख) नौलीखोला तेस्रो लघु जलविद्युत् आयोजनाका उपभोक्ता समितिका अध्यक्ष दमाई गुरुङ, सचिव हसिमान गुरुङ र कोषाध्यक्ष अनिता गुरुङले** उक्त आयोजना निर्माण गर्दा प्राविधिक समेतको मिलेमतोमा कामभन्दा बढी मूल्याङ्कन गरी/गर्न लगाई झुट्ठा बिल भरपाई बनाई बदनियत राखी झुट्ठा बिल भरपाई बनाई, नभएको कामको कार्य सम्पन्न प्रतिवेदन तयार गरी बढी रकम रु.१०,६३,०५७।६६ भुक्तानी लिई सरकारी रकम हिनामिना गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुर अपराध गरेको देखिन आएकोले निजहरुलाई बिगो रु.१०,६३,०५७।६६ (दश लाख त्रिसठ्ठी हजार सन्ताउन्न रुपैया छैसठ्ठी पैसा मात्र) कायम गरी ऐ.ऐ. ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन र ऐ.ऐ. ऐनको दफा ८ को उपदफा (४) वमोजिम उक्त बिगो जफत हुन समेत मागदाबी लिइएको छ ।

**(ग) वडा नं. ७ का वडा अध्यक्ष तथा वडास्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिका अध्यक्ष सूर्यमान गुरुङले** धार्चे गाउँपालिका वडा नं. ७ मा अवस्थित नौलीखोला तेस्रो लघु जलविद्युत् आयोजनासँग सम्बन्धित वडा नं. ७ का वडा अध्यक्ष तथा वडास्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिका अध्यक्ष **सूर्यमान गुरुङले** आफ्नो वडाभित्रका योजनाहरुको अनुगमन/सुपरीवेक्षण गरी भए गरेका कार्यहरुको मात्र भुक्तानीको लागि सिफारिस गर्नुपर्नेमा आफ्नो पदीय दायित्व पूरा नगरी उपभोक्ता समितिका अध्यक्ष र प्राविधिक समेतको मिलेमतोमा राज्यको सम्पत्ति हानिनोक्सानी गर्ने मनसायले बदनियत राखी कार्य सम्पन्न भएको भनी गलत अनुगमन प्रतिवेदन तयार गरी/गर्न लगाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर अपराध गरेको देखिन आएकोले निज वडा अध्यक्ष **सूर्यमान गुरुङलाई** ऐ.ऐ. ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुनको लागि मागदाबी लिइएको छ ।

प्रवक्ता
नारायण प्रसाद रिसाल